जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७१) काठमाडौं, वैशाख १३ गते, २०७८ साल (अतिरिक्ताङ्क ४(क)

## भाग ५

### नेपाल सरकार

### स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको

### सूचना

विश्वभर फैलिँदै गइरहेको नयाँ भेरियन्ट सहितको कोभिड-१९ को सङ्क्रमण नेपालमा बढ्दै गएको सन्दर्भमा सोको रोकथाम, नियन्त्रण तथा उपचार सम्बन्धमा संक्रामक रोग ऐन, २०२० को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

१. कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचारको लागि आवश्यक व्यवस्था मिलाउन सङ्क्रामक रोग ऐन, २०२० को दफा २ को उपदफा (२) बमोजिम प्रत्येक जिल्लाको लागि सम्बन्धित प्रमुख जिल्ला अधिकारीलाई मुकरर गर्ने। प्रमुख

जिल्ला अधिकारीले सोही अधिकारको प्रयोग गरी पहाडी र हिमाली जिल्लाका हकमा दुई सय तथा काठमाडौं उपत्यका र तराईका जिल्लाका हकमा पाँच सय भन्दा बढी सक्रिय सङ्क्रमितको सङ्ख्या पुगेका जिल्लामा जिल्लाभरी वा जिल्लाको कुनै भागमा मात्र लागू हुने गरी आवश्यक परेमा जिल्ला कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रको सिफारिस लिई सम्वत् २०७८ साल बैशाख १६ गते बिहान ६.०० बजेदेखि लागू हुने गरी पन्ध्र दिनको लागि सार्वजनिक आवागमन, बजार सञ्चालन तथा अन्य सबै प्रकारका वस्तु र सेवाको आपूर्ति तथा सञ्चालनमा आवश्यक नियन्त्रण तथा नियमन गर्न आवश्यक निषेध आदेश जारी गर्ने। कोभिड-१९ सङ्क्रमणको जोखिमको आंकलन गरी निषेधको अवधि बढाउन सकिने ।कुनै जिल्लामा सङ्क्रमण बढेमा प्रमुख जिल्ला अधिकारीले चौविस घण्टाको पूर्वसूचना दिई उपर्युक्त बमोजिम निषेध आदेश जारी गर्ने । उपर्युक्त व्यवस्था कार्यान्वियन गर्न गराउन प्रमुख जिल्ला अधिकारीले आवश्यकता अनुसार स्थानीय प्रशासन ऐन, २०२८ ले दिएको अधिकार समेत प्रयोग गर्ने ।

२. स्थलमार्ग तथा हवाई मार्गबाट आवागमन सम्बन्धमा देहाय अनुसार गर्नेः-

(क) नेपालसँग सिमाना जोडिएका छिमेकी मुलुकका नागरिकबाहेक अन्य देशका नागरिकलाई स्थलमार्गबाट हुने आवागमन स्थगित गर्ने,

(ख) स्थलमार्गबाट नेपाल आउनुपर्ने भारतीय नागरिकलाई निजले यात्रा गर्नु अघि स्वाब सङ्कलन भएको बहत्तर घण्टाभित्रको

कोभिड-१९ नेगेटिभ रिपोर्ट तथा दश दिन अनिवार्य रूपमा होटल क्वारेन्टिनमा बस्ने गरी होटल बुक गरेको प्रमाण पेश गरेको आधारमा स्थानीय प्रशासनको अनुमतिमा नेपाल प्रवेश गर्न दिने,

(ग) स्थलमार्गबाट नेपाल प्रवेश गर्ने चिनियाँ नागरिकले प्रवेशाज्ञाका अतिरिक्त निजले यात्रा गर्नु अघि स्वाब सङ्कलन भएको बहत्तर घण्टाभित्रको कोभिड-१९ नेगेटिभ रिपोर्ट तथा दश दिन अनिवार्य रूपमा होटल क्वारेन्टिनमा बस्ने गरी होटल बुक गरेको प्रमाण पेश गरेको हुनुपर्ने,

(घ) हवाई मार्गबाट नेपाल प्रवेश गर्ने यात्रुले यात्रा गर्नु अघि स्वाब सङ्कलन भएको बहत्तर घण्टाभित्रको कोभिड-१९ नेगेटिभ रिपोर्ट तथा दश दिन अनिवार्य रूपमा होटल क्वारेन्टिनमा बस्ने गरी होटल बुक गरेको प्रमाण पेश गरेको हुनुपर्ने,

(ङ) हवाई मार्गबाट नेपाल प्रवेश गर्ने नेपाली नागरिकले यात्रा गर्नु अघि स्वाब सङ्कलन भएको बहत्तर घण्टाभित्रको कोभिड-१९ नेगेटिभ रिपोर्ट पेश गर्नुपर्ने र प्रवेश गरेपछि दश दिन अनिवार्य रूपमा होटल वा होम क्वारेन्टिनमा बस्नुपर्ने।

(च) भारतबाट स्थलमार्ग भई नेपाल प्रवेश गर्ने नेपाली नागरिकले स्थानीय तहको अनुगमनमा अनिवार्य रूपमा दश दिन होम क्वारेन्टिनमा बस्नुपर्ने।

(छ) होटल वा होम क्वारेन्टिनमा बसे नबसेको सम्बन्धमा जिल्ला कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्र र स्थानीय

तहले अनुगमन गरी कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्र र गृह मन्त्रालयमा नियमित प्रतिवेदन गर्ने।

(ज) विमानस्थलमा मात्र ट्रान्जिट हुनेबाहेक विदेशी नागरिकलाई नेपालबाट तेस्रो मुलुकमा जान प्रस्थान अनुमति नदिने र यस अघि नेपाल प्रवेश गरिसकेका विदेशी नागरिकले नेपालबाट हवाई वा स्थलमार्गबाट प्रस्थान गर्न चाहेमा प्रस्थान गर्न दिने।

(झ) यस आदेशको कार्यान्वयन गर्न गराउन गृह मन्त्रालयले अध्यागमन सम्बन्धी र सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले हवाई यात्रा सम्बन्धी आवश्यक सूचना जारी गर्ने।

३. देशभरका विद्यालय तथा शिक्षालयमा भौतिक उपस्थिति नभई भर्चुअल र वैकल्पिक माध्यमबाट मात्र पठन-पाठन जारी राख्ने। भौतिक उपस्थितिमा हुने भनिएका पूर्व निर्धारित सबै प्रकारका परीक्षाहरू अर्को आदेश नभएसम्मका लागि स्थगित गर्ने।

४. प्रकरण १ बमोजिम निषेध आदेश भएका जिल्लाका सरकारी र सार्वजनिक कार्यालयमा अनावश्यक भीडभाड हुन नदिन अत्यावश्यक सेवा प्रवाह गर्ने कार्यालय बाहेक अन्य कार्यालयका प्रमुखले आलोपालो पद्धतिअनुसार कर्मचारी खटाई काम सुचारु राख्ने व्यवस्था मिलाउने। घरबाटै गर्न सकिने कामको हकमा Work from Home को व्यवस्था गर्ने। यसरी पालो बमोजिम अनुपस्थित हुने कर्मचारीको हकमा सम्बन्धित कार्यालय प्रमुखले कोभिड काज जनाउने।

५. अत्यावश्यक वस्तु वा सेवा आपूर्ति गर्ने निजी व्यवसायको हकमा प्रकरण १ बमोजिम सम्बन्धित प्रमुख जिल्ला अधिकारीले जारी गरेको निषेध आदेशको अधीनमा रही अनावश्यक भीडभाड हुन नदिने गरी स्वास्थ्य सुरक्षा मापदण्ड पालना हुने गरी सञ्चालनको व्यवस्था मिलाउने।

६. कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचार सम्बन्धमा यस आदेशमा उल्लेख भएका विषयमा यसै बमोजिम र अन्य विषयका हकमा नेपाल सरकारबाट यस अघि जारी भएका आदेश वा सम्बद्ध निकायबाट जारी भएका मापदण्ड लागू हुने ।

आज्ञाले,
डा. रोशन पोखेल
निमित्त सचिव ।



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.५।-
गो.हु.द.नं. १६।२०६२।६३